श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. २१९

पुनरावेदन नं. ०७७-RB-०२००

**मुद्दाः- आयकर (२०७१/०७२) ।**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १०, नयाँबानेश्वरमा संचालनमा रहेको ईभर स्टार मोटर्स प्रा.लि. (स्थायी लेखा नं. ३०४९६१८४५) को तर्फबाट अख्तियारी प्राप्त अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठ............................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर...............................................१<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर अधिकृत श्री लाल प्रसाद शर्मा पंगेनी

शुरु निर्णय मिति : २०७६/०८/१५

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७/०३/१२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भरत कुमार लकाई

: विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्बित नजीरः-** मोहन लक्ष्मी मास्के बिरुद्ध अर्थ मन्त्रालय ने.का.प.२०६७ नि.न. ८२९४

आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट मिति २०७६/०८/१५ मा भएको संसोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७/०३/१२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरको कार्यक्षेत्र अर्न्तगतका विविध सवारी साधनहरूको उत्पादन तथा कारोबार गर्ने करदाता श्री इभर स्टार मोटर्स प्रा.लि (स्थायी लेखा नम्बर ३०४९६१८४५) ले आय वर्ष २०७१।०७२ को कारोवारको आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. ३,०९,७२,२८५।४७(अक्षरूपी तिन करोड नौ लाख बहत्तर हजार दुईसय पचासी मात्र) नोक्सानी कायम गरी आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरमा मिति २०७२।१२।२९ मा विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको आ.व. २०७१।०७२ को आय विवरणको कर परीक्षण गरी करदाताबाट पेश हुन आएको र आय विवरण साथ संलग्न कागजातहरू, फाँटवारी तथा प्रमाणहरूको अध्ययन छानबिन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको प्रस्तुत आ.व.को लागि आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको तथा कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित नोक्सानी रू.२,७९,८९,७२३।०७ कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र ठोस प्रमाण सहित जवाफ पेश गर्न आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट करदाताको नाममा मिति २०७६।०७।०७ मा सूचना जारी भएको ।

३. उक्त सूचना बुझिलिनको लागि यस कार्यालयबाट करदातालाई बारम्वार ताकेता गर्दा पनि पत्र बुझ्न अस्वीकार गरेको हुंदा यस कार्यालयको **Email** बाट मिति २०७६ कार्तिक १७ मा करदाताको **Email ID esmpl@live.com** मा सूचना पठाइएको रहेछ। साथै सोहि दिन नै उक्त सूचना हुलाक मार्फत करदाताको ठेगानामा समेत पठाइएको रहेछ।सो सूचनाको

सम्बन्धमा करदाताले हालसम्म पनि कुनै जवाफ तथा ठोस सबुत प्रमाण पेश नगरेको साथै सम्पर्कमा समेत नआएको हुंदा उपरोक्त बमोजिम जारी भएको संशोधित कर निर्धारणको सूचनालाई करदाताले स्वीकार गरेको नै मान्नु पर्ने देखियो।त्यसैले मिति २०७६।०७।०७ मा जारी गरिएको संशोधित कर निर्धारणको सूचनामा कुनै परिवर्तन गर्नुपर्ने अवस्था नरहेकोले सोही कारण र आधारमा आयकर ऐन, २०५८ को दफा १०१(४) बमोजिम करदाताको आ.व. २०७१।०७२ को लागि देहाय अनुसार रू.२,७९,८९,७२३।०७ नोक्सानी कायम गरी संसोधित कर निर्धारण गर्ने भनी आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट मिति २०७६/०८/१५ मा खडा भएको निर्णय पर्चा।

४. आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरले मिति २०७६/०८/१७ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी ईभर स्टार मोटर्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/१०/१२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. कम्पनीको यस आर्थिक वर्षको औषत कूल नाफालाई ८५.१ प्रतिशतले हुने रू.१५,६९,५८४१४ समेत जम्मा रू. ३४,१३,९८४।०० लाई २०७२ आषाढ महिनाको थप बिक्री कायम गरी उक्त बिक्री रकमबाट लागत खर्च न्यून गरी हुने मुनाफा रू.१५,६९,५८४।०० लाई आयकर ऐन २०५८ को दफा ७(२)(ख) बमोजिम आयमा थप समाबेश गरी जारी गरेको, यस आर्थिक वर्षको आयातमा रू.१८,४४,४००।०० गत आर्थिक बर्षमा नै खर्च दाबी गरेको देखिएको तथा एल. सी. रद्द भएको प्रमाण कार्यालयमा पेश नभएकोले कार्यालयले संशोधित कर निर्धारण गरेको आयकर ऐन २०५८ को दफा ८१ (१) (ग) बमोजिमको खर्च कट्टीलाई पुष्ट्याई गर्ने कागजातहरू खडा गरी राख्नुपर्ने तथा दफा ८३ (१) बमोजिम सूचना दिई जानकारी प्राप्त गर्नसक्ने ब्यबस्थामा कर अधिकृतले छानबिन तथा परीक्षणका क्रममा कर अधिकृतले माग गर्दा पेश गर्नुपर्नेमा करदाताबाट प्रमाण पेश नभएको कर परीक्षणका बखत करदाताले बस्तुनिष्ठ प्रमाण पेश गरेको देखिदैन। आयकर ऐन २०५८ को दफा १०१ (४) मा जुनसुकै बखत संशोधित कर निर्धारण गर्न सकिने कानूनी प्राबधान रहेकोले भन्ने र करदातालाई सूचना प्राप्त नभएकोले सबुत प्रमाण र कागजात पेश गर्ने अबसर नदिई कर निर्धारण भएको भन्ने करदाताको जिकिर सम्बन्धमा कार्यालयले संशोधित कर निर्धारण गर्न लागेको व्यहोराको स्पष्ट आधार खोली करदाताको इमेल ठेगानामा ऐनको दफा १०१(६) बमोजिमको सूचना पठाएको पाइयो ।आयकर ऐन, २०५८ दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्दा सोही ऐनको दफा १०१(६) बमोजिम त्यसरी संशोधित कर निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई सोको सबुद प्रमाण पेश गर्न सो

व्यक्तिलाई १५ दिनको म्याद दिनुपर्ने भन्ने व्यवस्था भएकोमा कार्यालयले मिति २०७६।०७।०७ को पत्रबाट कर निर्धारण गर्नु परेको कारण र आधार खोली इमेल मार्फत करदाताको ठेगानामा पत्र मिति २०७६।०७।१७ मा इमेल गरेको पाइयो ।यसरी इमेल गरी पठाइएको पत्र ऐनको दफा ७९(१)(क) बमोजिम तामेली भएको (सो व्यक्तिलाई बुझाइएको) मान्नुपर्ने व्यवस्था ऐनमा उल्लेख भए बमोजिम करदाताले उक्त पत्र बुझेको तर जवाफ नदिएको आधारमा कार्यालयले आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर निर्धारण गरी ऐनको दफा १०२ बमोजिमको सूचना जारी गरेको देखिएकोले कार्यालयबाट भएको सूचना तामेली कानून सम्मत भएकोले करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ भएको निर्णय।

६. करदातालाई बिपक्षी कार्यालयबाट सूचना प्रदान गरेको भन्ने सम्बन्धमा करदाताले संशोधित कर निर्धारणको सूचना प्राप्त गरेको छ वा छैन भने यकिन नै नगरी सूचना प्राप्त गरेको भन्ने केवल अनुमानको आधारमा कर निर्धारण गर्न मिल्ने होइन।कार्यालयबाट प्रेशित गरेको सूचना प्राप्त नगरेको कारण आफूसँग भएको सबुत प्रमाण यथा समयमा कार्यालयमा पेश गर्नबाट बञ्चित हुनु परेको छ।सूचना प्रवाह गर्नु र प्रापकले प्राप्त गर्नु फरक कुरा हो।सूचनाको अधिकारबाट बञ्चित हुँदा प्राकृतिक न्यायको सिद्धान्त समेतको प्रतिकुल परिस्थिति सृजना भई केवल अनुमानको आधारमा भएको संसोधित कर निर्धारण बदर गर्नुपर्ने, कर निर्धारण गर्नुपर्ने कारणको रुपमा उल्लेख भएको खरिद वापतको रकम रु.१८,४४,४००/- बराबरको उत्पादन सामाग्री (पार्टस) आयात भएको हो वा होइन भन्ने तर्फ एकिन नै नगरी अन्तः शुल्क निर्धारण भएको छ। आयकर ऐन, २०५८, मा कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर निर्धारण गरी सक्नु पर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। विपक्षी कर कार्यालयले निवेदक करदाता उपर थप मूल्य अभिबृद्दि कर, जरिवाना, थप दस्तुर र व्याज समेत गणना गरी थप कर निर्धारण गर्दा लिएको आधार र कारणहरु तथ्यपरक नहुनुको साथ-साथै कानूनको भावना र मर्म समेतको विपरित भएकोले पुनरावलोकन गरी विपक्षी कार्यालयको अन्तिम कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागले गरेको निर्णय आयकर ऐन, २०५८, आयकर नियमावली २०५९ को कानूनी प्रावधानको विपरित रहेको, विपक्षीले कर निर्धारण गर्दा लिएका आधार र कारण समेत कानून सम्मत नहुँदा विपक्षीको मिति २०७६।८।१५ को निर्णय र सोही बमोजिम जारी मिति २०७६|८|१७ को संशोधित कर निर्धारणको सूचना र सो लाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७७।३।१२ को निर्णय समेत बदर गरी

सुलभ न्याय पाऊ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०६।२५ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०२/०६ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी श्री आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता ईभर स्टार मोटर्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरुद्वय श्री भरत कुमार लकाई र श्री तारादेव जोशीले आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट जारी गरिएको भनिएको १५ दिने म्याद सूचना करदातालाई प्राप्त नभएको, कानूनमा भएको हदम्यादलाई नजरअन्दाज गरी भएको संशोधित कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जाराले आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट भएको संसोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत कानूनसम्मत रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महनिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. सर्वप्रथम पुनरावेदक करदातालाई प्रत्यक्ष असर पर्ने संशोधित कर निर्धारणको प्रक्रियामा करदातालाई सुनुवाईको मौका प्रदान नगरेको भन्ने प्रश्न उठाइ पुनरावेदन जिकिर लिएको देखिंदा सोही प्रश्नमा विचार गर्नु पर्ने देखियो। इभर स्टार मोटर्स प्रा.लि.ले आ.व. २०७१/०७२ को लागि आयकर ऐन,२०५८ को दफा १०१ देहाय अनुसार रू.२,७९,८९,७२३।०७ करयोग्य नोक्सानी कायम गरि संशोधित कर निर्धारण गर्नु पर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सवुत प्रमाण भए यो पत्र प्राप्त भएको

मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भनी आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम करदाताको नाममा मिति २०७६।०७।०७ मा करदाताको नाममा जारी भएको संशोधित कर निर्धारणको आदेशले करदातालाई प्रत्यक्ष रुपमा असर गर्ने भएकोले कर निर्धारण गर्नु अघि सो विषयको जानकारी करदातालाई कार्यालयबाट सूचना बुझिलिनको करदातालाई बारम्वार ताकेता गर्दा पनि पत्र बुझ्न अस्वीकार गरेको हुंदा यस कार्यालयको Email बाट मिति २०७६ कार्तिक १७ मा करदाताको Email esmpl@live.com मा सूचना पठाइएको साथै सोहि दिन नै उक्त सूचना हुलाक मार्फत करदाताको ठेगानामा समेत पठाइएको र सो सूचनाको सम्बन्धमा करदाताले हालसम्म पनि कुनै जवाफ तथा ठोस सबुत प्रमाण पेश नगरेको साथै सम्पर्कमा समेत नआएको हुंदा उपरोक्त बमोजिम जारी भएको प्रारम्भिक कर निर्धारण आदेशलाई करदाताले स्वीकार गरेको नै मान्नु पर्ने देखियो भनी मिति २०७६।८।१५ को निर्णयमा व्यहोरा उल्लेख गरेको देखिन्छ।

११. आयकर ऐन, २०५८ को दफा १०१. को उपदफा (६) मा *यस दफा बमोजिम कर निर्धारणमा कर निर्धारण संसोधन गर्नु परेको आधार स्पष्ट खुलाई सो व्यक्तिलाई लिखित सूचना दिई त्यस्तो निर्धारण सम्बन्धमा सफाईको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ* भन्ने कानूनी व्यबस्था रहेको देखिन्छ भने सोही ऐनको दफा ७९को उपदफा (१) मा *यस ऐन वमोजिम कुनै व्यक्तिलाई दिनु बुझाउनुपर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई वुझाएको वा दिइएको मानिनेछ* भन्ने व्यवस्था गर्दै खण्ड(क) मा कुनै व्यक्तिको ठेगानामा फ्याक्स,ईमेल वा त्यस्तै अन्य विधुतीय माध्यम मार्फत पठाएको भन्ने समेत व्यवस्था रहेको पाइयो।प्रत्यर्थी कार्यालयबाट करदातालाई ईमेल मार्फत र हुलाकवाट रजिष्ट्री गरी सूचना प्रदान गरेको पनि सक्कल मिसिल हेर्दा हुलाकवाट पठाएको रजिष्ट्रीको रसिद मिसिल संलग्न देखिंदैन भने Inland Revenue Department को वेवसाइटवाट प्रिन्ट गरेको IRD Mail को Screen को प्रतिलिपी हेर्दा esmpl@live.com मात्र उल्लेख भएको, त्यसमा पठाइएको मिति, करदाताको नाम र कुनै सूचना सम्वन्धी फाइल संलग्न भएको समेत देखिंदैन।यसवाट करदाताले ईमेलवाट सूचना प्राप्त गरेको भन्ने विश्वसनीय आधार देखिन सकेन। साथै,यी करदाता व्यवसायिक कारोवार छाडेर सम्पर्क विहिन रहेको करदाता नभै नियमित रुपमा कारोवार गरेको र कानून वमोजिमको अवधि भित्र आय विवरण पेश गरी कानूनको परिपालना गरिरहेको,विपक्षी कर कार्यालयको सम्पर्कमा नै रहेको करदाता देखिंदा निजलाइ कानून वमोजिम तामेल गर्नु पर्ने सूचना तामेल गर्न नसकिने कुनै अवस्था समेत देखिन आउदैन।यस्तै प्रश्न समावेश रहेको मुद्दामा श्री सर्वोच्च अदालतवाट प्रतिरक्षा गर्न समुचित मौका नदिइ स्वच्छ (Fair Trail) को प्रकृयामा र प्राकृतिक न्यायको सिद्धान्त विपरित

भएको कारवाही बदर हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको समेत देखियो[1]। उक्त प्रतिपादित सिद्धान्तको रोहमा हेर्दा समेत आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट कर निर्धारण गर्दा कानूनले निश्चित गरेको प्रक्रियाको पालना नगरेकोबाट आफूलाई मर्का पर्ने विषयमा प्रतिवाद गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त उल्लङ्घन भएको देखिन्छ। त्यसैले त्यस्तो कानूनको उचित प्रक्रिया सम्बन्धी त्रुटी गरी भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत दुवै त्रुटी पूर्ण हुँदा बदर गरी कानून बमोजिमको प्रक्रिया पुरा गरी पुनःसंशोधित कर निर्धारण गर्नको लागि मिसिल शुरु कर कार्यालयमा पठाउन उपयुक्त हुने देखियो। विपक्षी कार्यालयहरुको निर्णय वदर भइ पुनःनिर्णयको लागि पठाउने ठहरिएको हुँदा करदाताले लिएको अन्य जिकिर तर्फ विवेचना गरिरहनु परेन।

१२. अतः माथी विवेचित आधार एवं कारण समेतबाट करदाता इभर स्टार मोटर्स प्रा.लि. (स्थायी लेखा नं.३०४९६१८४५) को आ.व. २०७१/०७२ को आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट संशोधित कर निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) वमोजिम करदातालाई सूचना दिएको मिसिलबाट नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल भएको मिति २०७६।०८।१५ को आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णयमा समेत गम्भीर कार्यविधिगत त्रुटी देखिँदा उक्त दुवै निर्णय वदर गरिदिएको छ। अव यो फैसला प्राप्त भएपछि करदातालाई आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) वमोजिम सूचना जारी गरी करदातालाई कार्यालयमा नै वुझाई निजले म्याद भित्र लिखित जवाफ सहित प्रमाण पेश गरेमा सो समेतलाई हेरी पुनः संशोधित कर निर्धारण गरिदिनु भनी तारिखमा रहेका करदातालाई आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरको तारिख तोकी मिसिल समेत पठाई दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर काठमाण्डौबाट आ.व. २०७१/०७२ को आयकर तर्फ भएको संशोधित कर निर्धारण आदेश र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।३।१२ को निर्णय समेत बदर भएकोले यो फैसला प्राप्त भएपछि आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) वमोजिम

[1] मोहन लक्ष्मी मास्के बिरूद्ध अर्थ मन्त्रालय ने.का.प.२०६७,नि.न. ८२९४

सूचना जारी गरी करदातालाई कार्यालयमा नै बुझाई निजले म्याद भित्र लिखित जवाफ सहित प्रमाण पेश गरेमा सो समेतलाई हेरी आधार र कारण सहित पुनः संशोधित कर निर्धारण गरिदिनु भनी तारिखमा रहेका करदातालाई आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरको तारिख तोकी यी फैसला सहित मिसिल आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर काठमाण्डौमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी  रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

(बासुदेव खनाल)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः खेमकुमारी बस्नेत

कम्प्यूटर टाईपः प्रदिप तिवारी

फैसला मितिः ईति सम्वत् २०७९ साल फाल्गुण २८गते रोज १ शुभम् -----------------------
-

फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

फैसला प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप